जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक ५५ | २०७८ साल असोज ४ गते सोमबार (20 Sep. 2021 Monday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

प्राकृतिक विपत्ति न्यूनीकरणका लागि सामूहिक सचेतना जगाऔ

- जथाभावि सडक निर्माण र वनविनाशले बाढी पहिरो निम्त्याउछ ।
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- विपत्ति आउनु अघि नै सजगता अपनाऔ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : अशक्तलाई घरमै ... २ पृष्ठमा : शरणार्थीसम्बन्धी राष्ट्रसङ्घीय ... ३ पृष्ठमा :नेपाल सहकारीको सूचना ...

# लोसपा असोज ३ लाई कालो दिन भन्दै सडकमा उत्रिए

## जसपाको पनि संविधानप्रति असन्तुष्टी




**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपालले असोज ३ गतेलाई कालो दिनको रुपमा लिँदै आईतवार सप्तरीमा विरोधका कार्याक्रमहरु आयोजना गरेको छ ।

मुलुकका विभिन्न ठाउँमा संविधान दिवसका कार्यक्रमहरु भईरहेका बेला लोसपाका नेता कार्यकर्ताहरुले यस दिनलाई कलो दिनको रुपमा विरोधका कार्यक्रम गरेको हो ।

टाउकोमा कालो पट्टी र हातमा कालो झण्डा लिएर राजविराजस्थित पार्टी कार्यालयबाट निस्केका कार्यकर्ताहरुले विभिन्न सरकारी कार्यालय तथा सार्वजनिक स्थानहरुमा कालो झण्डा गाड्दै संविधान दिवसलाई विरोधका रुपमा मनाउन सर्वसाधारणलाई आग्रह समेत गरे ।

मोटरसाईकल ऱ्याली समेत प्रर्दशन गरेका उनीहरुले संविधान सर्वस्विकार्य हुनु पर्ने भनी आफुहरुको शूरु देखी नै माग रहेपनि अहिले सम्म त्यस्को सुनवाई नगरिएकोले यस दिनलाई विरोध गरेर कार्यक्रम गर्नू परेको बताएका छन् ।

संविधानमा विभेदकारी प्रावधान सच्याउनु पर्ने र त्यसका लागी संशोधन नै आवश्यक रहेको कारण आफुहरुको माग पुरा नहुन्जेल सरकारले संविधान दिवस मनाए पनि आफुहरुले विरोध जारी राख्ने उनीहरुको भनाइ छ ।

यता सत्तारुढ गठबन्धनमा रहेका जनता समाजवादी पार्टी ( जसपा) नेपालले पनि आईतवारै संविधान दिवसका दिन विरोध कार्यक्रम गरेको छ ।

संविधानमा विभेदकारी प्रावधान राखिएकोले संविधान संशोधनको आवश्यकता विषयक अन्तरक्रिया कार्यक्रम गरी

***बाँकी अन्तिम पृष्ठमा***

## नेपालको संविधानका विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीयसत्ता ,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मुल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कोभिड-१९ विरुद्धको खोप सरकारले नि:शुल्क लगाइरहेको छ ।




अबैध रुपमा खोप बेच्ने र किनेर लगाउने दुवैलाई प्रचलित कानुन बमोजिम कडा कारबाही हुनेछ । कोरोना विरुद्धको खोप बेचबिखन भएको थाहा पाउने जो कोहीले स्थानीय प्रशासन, प्रहरी कार्यालय, पालिका वा स्वास्थ्य कार्यालयमा यथार्थ जानकारी गराउनु हुन अनुरोध छ ।

बजारमा लुकिछिपी बेच्न राखिएका खोपहरु नक्कली हुन सक्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/६/४

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

# आफ्नो हैसियत अनुसारकै खर्च गरौं

आउदो केही दिनपछि नेपालीहरुको घर-घरमा दसैं तथा तिहारको चहलपहल सुरु हुनेछ । कसैलाई यी पर्वले हर्षित बनाउने छ भने कसैलाई बाध्यात्मक परिस्थिति बनाउने छ । महँगीको मार त धनी र गरिब सबैलई आ-आफ्नो ठाउँमा परेको छ नै । दसैं तिहार सबै हिन्दुको महान चाड हो भनिन्छ तर सबै हिन्दुका लागि यो पर्व समान भएको देखिँदैन । दसैं मनाउने कुनै नियम छैन, सीमा छैन ।

त्यसैले पर्वहरु मासिनको हैसियत अनुसार फरक फरक ढङ्गले मनाउने चलन भएको कारणले नेपाली समाजमा यो पर्वले हुनेखानेका अगाडी गरिखानेहरुलाई निल्नु न ओकल्नुको पर्व जस्तै बाएको जस्तो देखिन्छ । वास्तविममा पर्व रहरले हर्षोल्लासपूर्वक मनाउनु पर्नेमा करमा परेर समाजको अगाडि देखाउनको लागि पनि मनाउनुपर्नै बाध्यता अधिकांश नेपालीमा छ । अर्कोको बनिबुतो गरी बालबच्चा पाल्नेहरुलाई तीन दिन दसैमा तीन महिनाको कमाई सक्नुपर्ने बाध्यता छ ।

केही समय पहिलेदेखि जरो गाडिँदै आएको सभ्य ठाउँ भन्ने सहरबाट नै सुरु भएको अनावश्यकरुपमा नगद दक्षिणा दिने, फजुल खर्च गर्ने तथा लंगडो रवाफ प्रदर्शन गर्ने चलनलाई आगाडी दिनहरुमा परिवर्तन गरी केवल आशीर्वाद र जमरामा टीका लगाउने चलनलाई राज्यले नै वैधानिक रुपले घोषणा गरे पो सबै नेपालीको महान पर्व बन्न सक्लान दसै तथा तिहार जस्ता पर्वहरु । त्यसैले कुनै पनि पर्वमा अरु कसैको देखासिकी नगरि आफ्नो हैसियत अनुसारकै खर्च गर्न बानी बसालौं ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अशक्तलाई घरमै नागरिकता

सप्तरी, ३ असोज (रासस) ।

शारीरिकरुपमा अशक्त एक महिला र उहाँका श्रीमान्लाई जिल्ला प्रशासन कार्यालय सप्तरीले आइतबार घरमै गएर नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि हस्तान्तरण गरेको छ ।

सप्तरीको रुपनी गाउँपालिका-५ बसविट्टीकी ७० वर्षीया श्रीमती दसनीदेवी खत्वे र उहाँका श्रीमान् ७४ वर्षीय मुसहरू खत्वेलाई प्रमुख जिल्ला अधिकारी जर्नादन गौतमले बिदाकै दिन घरमा पुगेर नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि दिनुभएको हो । प्रजिअ गौतमको टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी नाथु साह र प्रशासकीय अधिकृत कल्पना मानन्धर जानुभएको थियो ।

दम र पक्षघातबाट पीडित दसनी हिँडडुल गर्न नसक्ने भएकाले आफूले घरमै पुगेर नागरिकताको प्रतिलिपि प्रदान गरेको प्रजिअ गौतमले बताउनुभयो । अपाङ्गता भएकी र बिरामी ज्येष्ठ नागरिकलाई घरमै सिडिओ आएर नागरिकता प्रदान गर्नुभएकोमा खुसी लागेको उहाँकी बुहारी तारादेबीले बताउनुभयो ।

दसनी २० वर्षदेखि पक्षघात भई हिँडडुल गर्न असमर्थ रहेको र राजविराज पुगेर प्रतिलिपि निकाल्न नसक्ने भन्दै तारादेवीले जिल्ला प्रशासन कार्यालयमा आग्रह गर्दै आउनुभएको थियो । तारादेवीले श्रीमान् उत्तिम खंगको १० वर्ष अघि मलेसियामा मृत्यु भएपछि सासूससुरालाई स्याहार गरेर बस्नुभएको छ । तारादेवीका दुई छोरा एक छोरीमध्ये जेठा छोरा पढाइ छाडेर काठमाडौँमा सिलाइकटाइको काम गरिरहेका छन् । अर्का छोरा कक्षा ८ मा र छोरी कक्षा ९ मा गाउँकै विद्यालयमा अध्ययनरत छन् ।

आर्थिकरुपमा गरिब र विपन्न खत्वे दम्पतीका अन्य तीन छोरा घर छाडेर बाहिर ज्यालामजदुरी गरिरहेको स्थानीयवासी मुसहरूले जानकारी दिनुभयो । पक्षघात भएपछि दसनीको उपचारको लागि धेरै खर्च गरे पनि निको नभएको मुसहरूले बताउनुभयो ।

मुसहरूले २०३९ माघ २१ गते ३५ वर्षको हुँदा नागरिकता लिनुभएको थियो । उहाँकी श्रीमती दसनीले २०३९ माघ २५ गते ३१ वर्षको हुँदा नागरिकता लिनुभएको थियो । तत्कालीन जिल्ला प्रशासन कार्यालयका कर्मचारीको लापर्बाहीले दुवैजनाको नागरिकता नम्बर एउटै भएकाले राष्ट्रिय वाणिज्य बैंकले कारोबार गर्न असमर्थता जनाएपछि उहाँहरूलाई समस्या परेको थियो ।

सामाजिक सुरक्षा भत्ताबाट घर चलिरहेको बताउनुभएकी तारादेवीले बैंकले पैसा दिन अस्वीकार गरेपछि रुदै कराउँदै जिल्ला प्रशासन कार्यालय धाइरहेको बताउनुभयो । नागरिकता नम्बरका कारण बैंकको खाता नम्बरमा समेत समस्या आएपछि मलेसियाबाट आउने पैसासमेत रोकिएको उहाँहरूको भनाइ छ ।

अहिले नागरिकताको प्रतिलिपिमा नम्बर फरक पारेपछि मलेसियामा मृत्यु भएका छोरा कार्यरत कम्पनीबाट बीमाबापत पाउने रु सात लाख आउने बाटो खुलेको तारादेवीले बताउनुभयो । जिल्ला प्रशासन कार्यालयले मुसहरूको नागरिकता नम्बर ७९०३३१७५ र दसनीको ७९०३३१७६ बनाएर प्रतिलिपि हस्तान्तरण गरेको छ ।

# फुटाइयो नगरपालिकामा लगाइको ताला

लहान, ३ असोज (रासस) ।

विभिन्न माग गर्दै स्थानीयवासीले सिरहाको कल्याणपुर नगरपालिकामा लगाएको ताला फुटाइएको छ ।

नगरपालिकाबाट भएको कामकाज र त्यसमा भएको खर्चको हिसाब पटकपटक माग गर्दै आए पनि सुनुवाइ नभएपछि गत बिहीबार स्थानीयवासीले नगरपालिकामा चौंथो पटक तालाबन्दी गरेका थिए । स्थानीयवासीले नगरपालिकामा लगाएको ताला कार्यवाहक नगरप्रमुख रोहिणीकुमारी यादव र उहाँका श्रीमान् सञ्जीवकुमार यादवले फुटाइदिएको स्थानीयवासी प्रदीप साहले जानकारी दिनुभयो ।

आफूहरूले उठाएका मागको कुनै सम्बोधन नै नगरी जबर्जस्ती ताला फुटाएकाले स्थानीयवासीले कार्यवाहक नगरप्रमुख यादवविरुद्ध केहीबेर नाराबाजीसमेत गरेका थिए । नगरपालिकामा व्यापक अनियमितता भएको र विभिन्न विकास निर्माणका काममा भएको प्रगति र गरिएको लगानीका बारेमा सूचना माग गर्दासमेत सूचना नदिएको स्थानीयवासीको आरोप छ ।

यसअघि पनि पटकपटक स्थानीयवासीले हिसाब सार्वजनिक गर्नुपर्नेलगायत मागसहित तालाबन्दी गरेका थिए । घुस प्रकरणमा सो नगरपालिकाका नगरप्रमुख सूर्यनाथ मण्डल निलम्बनमा परेपछि उपप्रमुख यादवले कार्यवाहक नगरप्रमुखका रुपमा कार्य सम्हाल्दै आउनुभएको छ ।

कार्यवाहक नगरप्रमुख यादवले स्थानीयवासीले उठाएका माग एक/दुई दिनभित्रै सम्बोधन गरी समस्या समाधान गरिने बताउनुभयो ।

## विश्व समाचार

# शरणार्थीसम्बन्धी राष्ट्रसङ्घीय उच्चायोगको अनुरोध

इस्लामावाद, ३ असोज (रासस/सिन्ह्वा) ।

शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्च आयोगले अफगानिस्तानको अवस्थाको बारेमा विश्व समुदायको ध्यानाकर्षण गराएको छ ।

यहाँको अवस्था दिन प्रतिदिन खराब हुँदै गएको भन्दै सो निकायले अफगानिस्तानका नागरिकका लागि पनि यहाँका तालिबानसँग सम्पर्कमा रही रहन आग्रह गरेको हो ।

हाल इस्लामावादको भ्रमणमा रहनुभएका शरणार्थीसम्बन्धी राष्ट्रसङ्घीय उच्च आयुक्त फिलियो ग्रान्डीले अफगानिस्तानमा मानवीय सहायताको खाँचो रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामी पनि अफगानिस्तानमा मानवीय सहायताको कामका लागि अहिले सङ्लग्न भइरहेका छौँ, अरु पनि विश्व समुदाय यहाँको अवस्थाको बारेमा जानकार रहने र आवश्यक सहयोगका लागि लाग्नुपर्ने बताउनुभयो ।"

हाल अफगानिस्तानको अन्तरिक प्रशासनसँग सङ्लग्न भएर आफूले काम गरेको धारणा उहाँले राख्नुभयो ।

उहाँले अफगानिस्तानमा अहिले पनि ठूलो सङ्ख्याका महिला तथा बालबालिकाका लागि सहायताको खाँचो परेको बताउनुभयो ।

यसका लागि विश्व समुदाय चनाखो नहुने हो भने यहाँको अवस्था झन् बिग्रँदै जाने पनि उहाँले बताउनुभयो । अहिले अफगानिस्तानमा धेरै कुराको खाँचो छ, यहाँका नागरिकलाई खाना, औषधि, बास तथा अन्य सबैचिज चाहिएको छ उहाँले भन्नुभयो ।

उहाँका अनुसार यहाँको आर्थिक अवस्था झन् नाजुक भएको पनि उहाँले बताउनुभयो । यहाँ आर्थिक सङ्कट आइसकेको जानकारी उहाँले दिनुभयो ।

# अफगानिस्तानलाई सहयोग गर्न चीनको आग्रह

संयुक्त राष्ट्रसङ्घ , ३ असोज (रासस/सिन्ह्वा) ।

चिनियाँ दूतले अफगानिस्तानलाई सहयोग गर्न विश्व समूदायसँग आग्रह गर्नुभएको छ । उहाँले भन्नुभएको छ आफ्नो चाहना र मोडेलमा नै सहयोग गरौँ तर अहिले अफगानिस्तानलाई सहयोग गर्न आवश्यक छ ।

हाल अफगानिस्तानलाई मानवीय सहयताको खाँचो रहेकोले सहयोग गर्नुपर्ने उहाँले बताउनु भएको छ । अफगानिस्तानको क्षेत्रीय अखण्डता र उनीहरुको स्वतन्त्रताको सम्मान गर्दै सबै विदेशी समूदायले सहयोग पुऱ्याउनु पर्ने उहाँको धारणा थियो ।

संयुक्त राष्ट्रसङ्घका लागि चिनियाँ उप प्रमुख स्थायी प्रतिनिधि दाइ बिङले सो धारणा राख्नुभएको हो ।

उहाँले अहिले पनि अफगानिस्तान अन्तरराष्ट्रिय आतङ्कवादी जम्मा हुने ठाउँ बन्ने खतरा रहेको भन्दै अफगानिस्तानलाई यस्तो ठाउँ हुन दिनबाट बचाउन र त्यहाँका नागरिकलाई सहयोग गर्नका लागि विश्व समूदायलाई आग्रह गर्नु भएको हो ।

अहिले पनि अफगानिस्तानमा सहयोग र मानवीय सहायताका कार्यक्रम लिएर जानुपर्ने उहाँले बताउनु भएको छ ।

# भारतमा थप तीस हजार ७७३ नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ३ असोज (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट थप ३० हजार ७७३ जना नयाँ सङ्क्रमित भएका छन् ।

सरकारी अधिकारीले आइतबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ३० हजार ७७३ जना सङ्क्रमित भएका हुन् । भारतमा ८४ दिनयता दैनिक सङ्क्रमितको सङ्ख्या ५० भन्दा कम भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमणको कारण ३०९ जनाको मृत्यु भएको पनि केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । यसैसँगै यहाँ कोरोना शुरु भएदेखि हालसम्म यसको सङ्क्रमणको कारण मृत्यु हुने व्यक्तिको कूल सङ्ख्या चार लाख ४४ हजार ८८३ जना पुगेको छ ।

भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या तीन लाख ३२ हजार १५८ रहेको छ । यो सङ्ख्या घट्दै गएको देखिएको छ । यो सङ्ख्या हाल भारतमा रहेको कूल कोरोना सङ्क्रमितको ०.९९ प्रतिशत हो । एकै समयमा नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त हुनेको सङ्ख्या धेरै भएकाले सङ्क्रमितको सङ्ख्या घट्दै गएको हो ।

त्यसैगरी अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड २६ लाख ७१ हजार १६७ पुगेको छ । गत शनिबारसम्ममा भारतका ५५ करोड २३ लाख ४० हजार १६८ जनाको स्वाब परीक्षण गरिएको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ । ती मध्ये १५ लाख ५९ हजार ८९५ जनाको शनिबार एकै दिनमा परीक्षण गरिएको हो ।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयबाट हालसम्म ८० करोड ४३ लाख ७२ हजार ३३१ डोज खोप लगाइएको सरकारी तथ्याङ्क रहेको छ ।

# नेपाल सहकारी संस्था लिमिटेड

**सप्तरी राजविराजबाट जारी गरिएको**

## ऋणीहरुलाई धितो लिलामी सम्बन्धी सुचना

*मिती : २०७८/०६/४*

नेपाल सहकारी संस्था लिमिटेड, सप्तरी राजविराजबाट विभिन्न मितिमा आफ्नो काम कारोबारका लागि ऋण प्राप्त गरी सो ऋणको भाखा बमोजिम तोकिएको म्यादमा साँवा तथा ब्याज चुक्ता गरी फरफराक लिनुपर्नेमा तपसिल बमोजिम व्यक्तिहरुले सो नगरी आलटाल गरी बसेको हुँदा साँवा तथा ब्याज बुझाउन ऋणीलाई संस्थाबाट पटक-पटक सुचना पठाउँदा पनि सम्बन्धित ऋणीहरुलेत्यस तर्फ ध्यान नदिई बसेका हुँदा निजहरुले ऋणको धितोवापत संस्थामा राखिएको अचल सम्पतिहरु धितो लिलाम बिक्री गरी असुल उपर गर्नुपर्ने भएकोले सम्बन्धित ऋणी तथा निजको तर्फबाट धितो जमानी राखी मंजुरनामा दिने व्यक्ति समेतको जानकारीका लागि सहकारी ऐन २०७४ को दफा ७९, ८३ तथा सहकारी नियमावली २०७५ को दफा ३० बमोजिम कार्यवाहीका लागि यो सुचना प्रकाशित गरिएको छ। तसर्थ तपसिलका ऋणीहरुले संस्थामा राखिदिएको तपसिल बमोजिमको धितोको जग्गा मिति **२०७८/०७/८** गते सोमबारका दिन कार्यालयमा लिलाम डाक बढाबढ हुने भएकोले इच्छुक नेपाली नागरिकहरु लागि यो सुचना प्रकाशित गरिएको छ। साथैसो लिलाम डाँक बढाबढको कार्य उक्त मितिको बिहान १०:०० बजेदेखि ४:०० बजेसम्म हुने भएकोले उक्त समयमा कार्यालयमा उपस्थिति भई डाक साकार गरिलिनु हुन यो सुचना प्रकाशित गरिएको छ। डाँक साकार गर्ने व्यक्तिले डाँक साकार गरेको अंकको १०प्रतिशत रकम तुरुन्तै, बाँकी रकम १५ दिनभित्र यस संस्थामा बुझाउनुपर्नेछ। सो म्याद नाघी आएमा जम्मा भएको रकम जफत हुनेछ। लिलाम सम्बन्धित सम्पुर्ण खर्च सम्बन्धी ऋणीले व्यहोर्नुपर्ने समेत जानकारी गराइन्छ। अन्य लिलाम सम्बन्धी जानकारी संस्थाको कार्यालयमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ। डाक स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार संस्थामा निहित रहनेछ।

### तपसिल

| क्र.सं. | ऋणीको नाम | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | जग्गाको विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ठेगाना | वडा नं. | कि.नं. | क्षेत्रफल |
| १ | बालेश्वर लाल देव | राजविराज ६ | मलिक लाल देव | बेचन पोद्दार | राजविराज | ६ | २४९७ | ०-०-३/४ |
| | | हाल राजविराज ७ | | | | ६ | २५०२ | ०-०-१ १/२ |
| २ | निरु कार्की | राजविराज ४ | पति-अशोक कार्की | टंक बहादुर | खो. प्रवाहा | ९ क | ५३८ | ०-४-४ |
| ३ | पिताम्बर लाल दास | राजविराज ८ | भुप ना. लाल दास | चेथरुलाल दास | राजविराज | ५ क | ५२७९ | ०-०-१७ |
| ४ | सत्यनारायण मण्डल | बभनगामाकट्टी | जोगेन्द्र मण्डल | बेचु मण्डल | बभनगामाकट्टी | ४ ख | १३२० | ०-०-४ १/४ |
| | | | | | मोजे सडेपार | ब्लक नं. | २१५ | |
| ५ | राम किशोर साह | राजविराज ६ | जग्गु साह | जनक साह | राजविराज | ७ | १/८ क | ०-०-३ |
| | | | | | राजविराज | ७ | १/९ | ०-०-५ १ १/२ |
| | | | | | राजविराज | ७ | १/१० क | ०-०-३ ७ १/२ |
| ६ | राज किशोर स्वर्णकार | राजविराज ४ | सिताराम साह | मुन्सि लाल | राजविराज | ३ | १/२ ख | ०-०-२-१४ क |
| | | | | | फुटकर लाइन | | | |
| ७ | गिता देवी खतिवडा | | श्याम कुमार खतिवडा | ध्वज लाल खतिवडा | कल्याणपुर | ८ ख | ३४३ | ०-०-५ |
| | | | | | खोजपुर | ५ क | ९०३ | ०-३-१८ १/२ |
| | | | | | खोजपुर | ५ क | ९०५ | ०-३-१६ १/२ |
| ८ | राजकुमार दास | राजविराज १ | गुलाई दास | खुशि दास | च.प. | २ | ४३८ | ०-०-१४ |
| | सन्तोष कुमार दास | बसबिट्टी ८ | जगदीश दास | राधे दास | मलेठ | ७ ख | ४२३ | ०-०-११ |
| ९ | सुगम्बर लाल दास | दिघवा १ | जनक लाल दास | मकुम लाल दास | दिघवा | १ क | ७८५ | ०-४-० १/४ |
| | | | | | दिघवा | १ क | ७९० | ०-२-११ |
| | | | | | दिघवा | १ क | ७८७ | ०-१-२ १/२ |
| | | | | | दिघवा | १ क | ७९५ | ०-०-९ ३/४ |
| | | | | | दिघवा | १ क | ७८२ | ०-०-१६ १/२ |
| १० | सुनिता कुमारी यादव | पत्थरगाढा ७ | अरुण यादव | कृष्ण कुमार यादव | पातो | ८ | ५२२ | ०-९-८ १/२ |
| ११ | शिव नन्दन साह | सि.सि. | रामप्रसाद साह तेली | बिलट साह | सि.सि. | १ | १०५८ | ०-५-१७ |
| | | | | | सि.सि. | १ | १३६४ | ०-५-७ १/२ |
| | | | | | सि.सि. | १ | ६५७ | ०-२-८ |
| | | | | | सि.सि. | १ | ६६१ | ०-२-१२ १/२ |
| | | | | | सि.सि. | १ | १०६१ | ०-३-१७ |
| | | | | | सि.सि. | १ | ६७६ | ०-१०-७ १/२ |
| १२ | गोपाल प्रसाद देव | राजविराज ७ | मलिकलाल देव | बेचन पोद्दार | राजविराज | ६ | २४९६ | ०-०-३/४ |
| | | | | | राजविराज | ६ | २५०० | ०-०-१ १/२ |

**लिलाम डाक बढाबढ हुने मिति :** २०७८/०७/८ गते सोमबार

**समय :** बिहान १०:०० बजे देखि ४:०० सम्म

**स्थान :** संस्थाको कार्यालय भवन राजविराज-४, (हाल ३) गजेन्द्र चौक

***नोट : लिलाम डाक बढाबढ हुने दिन विदा पर्न गएमा बिदाको भोलिपल्ट कार्यालय खुलेको दिन डाक बढाबढ हुनेछ।***

**नेपाल सहकारी संस्था लि.**
राजविराज-४, (हाल ३), सप्तरी
फोन नं ०३१-५३१०९६

# एक महिलासहित ६ कैदीलाई माफी

**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

संविधान दिवसको अवसरमा सरकारले राजविराज कारागारका एक महिलासहित ६ जना कैदीलाई माफि दिएको छ ।

कैद सजाय मिनाहा भई रिहा भएकाहरुमा कर्तब्य ज्यान तर्फका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाकी निरपती मिश्रा, ज्यान मार्ने उधोग तर्फका राजविराज नगरपालिका निवासी शुभकरण खंग, महेश खंग, सवारी ज्यान तर्फ शम्भुनाथ नगरपालिकाका राजेन्द्र कुमार मण्डल र डाँका तर्फका खडक नगरपालिकाका शिव कुमार राम छन् ।

यस्तै सवारी अंगभंग मुदाका पाचथर जिल्ला निवासी सगुन लिम्बु पनि रिहा भएका छन् । जेलर सुमन कोईरालाका अनुसार राम्रो आचारण भएकाले सरकारबाट उनीहरुलाई बाँकि कैद सजाय मिनाहा गरी कैद मुक्त गरिएको हो ।

मन्त्रि परिषदको २९ भदौको बैठकको सिफारिसमा मुलुकी फौजदारी कार्याविधी सहित, २०७४ को दफा १६५ को प्रावधान अनुसार राष्ट्रपती कार्यलयबाट बाँकी कैद कट्टा गरी माफी मिनाहा गरिएको राजविराज कारागारले जनाएको छ ।

# पूजाको विषयलाई लिएर दुई पक्षबीच कुटाकुट हुँदा एकको मृत्यु

जलेश्वर, ३ असोज (रासस) ।

महोत्तरीको सोनमा गाउँपालिका-७ सुन्दरपुरमा पूजाको विषयलाई लिएर आइतबार दिउँसो दुई पक्षबीच झडप हुँदा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सोनमा गाउँपालिका-२ तरहारी गाउँका ५० वर्षीय रामप्रसाद यादव रहेको इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक विष्णुप्रदीप बस्यालले जानकारी दिनुभयो । सुन्दरपुरका ३५ वर्षीय मलेसी सदा र २६ वर्षीय नथु सदा तथा तरहारीका ५० वर्षीय रामप्रसाद यादवबीच सुन्दरपुरको मैनटोलमा विश्वकर्मा मेलामा पूजाको विषयलाई लिएर विवाद भएको थियो ।

विवादले उग्ररुप लिएपछि दुवै पक्षबीच भएको कुटाकुटमा रामप्रसाद यादव बेहोस भएर बाटोमै ढलेका थिए । त्यसको केही बेरमै उनको मृत्यु भएको स्थानीयवासीले जानकारी दिनुभयो ।

घटनामा संलग्न व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको र शव परीक्षणको लागि प्रादेशिक अस्पताल जनकपुर पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ ।

## *लोसपा असोज ३...*

उनीहरुले संविधान संशोधन गरी शोषित पीडित, आदीवासी, जनजाती, दलित, मधेशी, लगायत समुदायको माग सम्बोधन गर्नु पर्ने माग गरेका छन् ।

राजविराज नगरपालिकाको सभाकक्षमा जसपा नेपालका जिल्ला अध्यक्ष केदार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथी राष्ट्रिय सभाका सदस्य एवं जसपाका कार्यकारणी समिती सदस्य मृगेन्द कुमार सिह यादव, प्रदेश सभा सदस्य मनिष सुमन, जसपाका प्रदेश सचिव दिनेश यादव लगायतले संविधानमा रहेका विभेदकारी प्रावधान हटाएर आफुहरुले अघि सारेका मागहरु सम्बोधन नगरिए सम्म विरोध जारी रहने उदघोष गरेका थिए ।

# राष्ट्रपतिद्वारा ९०३ जनालाई विभूषण प्रदान

काठमाडौँ, ३ असोज (रासस) ।

संविधान दिवसका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले ९०३ जनालाई विभिन्न विभूषण, अलङ्कार र पदक प्रदान गर्नुभएको छ ।

नेपालको संविधानको धारा २७७ को उपधारा (१) बमोजिम गत भदौ २९ गतेको मन्त्रिपरिषद्का सिफारिसमा उहाँले ती विभूषण प्रदान गर्नुभएको हो । राष्ट्रपति भण्डारीले नेपाल रत्न एक जनालाई, राष्ट्र गौरव दुई जनालाई, महाउज्ज्ल राष्ट्रदीप प्रथम श्रेणी पाँच जनालाई, सुप्रसिद्ध प्रबल जनसेवाश्री प्रथम श्रेणी पाँच जनालाई, उज्ज्वल कीर्तिमय राष्ट्रदीप द्वितीय श्रेणी एक जनालाई, प्रसिद्ध प्रबल जनसेवाश्री द्वितीय श्रेणी २४ जनालाई, सुकीर्तिमय राष्ट्रदीप तृतीय श्रेणी ३९ जनालाई, सुप्रबल जनसेवाश्री तृतीय श्रेणी १६१ जनालाई, कीर्तिमय राष्ट्रदीप चतुर्थ श्रेणी आठ जनालाई, प्रबल जनसेवाश्री चतुर्थ श्रेणी ३१९ जनालाई र जनसेवाश्री पञ्चम श्रेणी १९० जनालाई प्रदान गर्नुभएको राष्ट्रपतिको कार्यालयले आइतबार जनाएको छ ।

यसैगरी राष्ट्र यशोवर्द्धक अलङ्कार चार जनालाई, नेपाल सेवा प्रवीण दुई जनालाई, समाजसेवा रत्न २१ जनालाई, नेपाल प्रताप सुभूषण ३४ जनालाई, अतिपौरख भाष्कर सात जनालाई, नेपाल प्रताप आभूषण २४ जनालाई, महापौरख भाष्कर तीनजनालाई र नेपालप्रताप भूषण १६ जनालाई प्रदान गर्नुभएको छ ।


राष्ट्रपतिले राष्ट्रसेवा पदक प्रथम श्रेणी तीनजनालाई, सुकीर्ति पदक १० जनालाई, सगरमाथा पदक सात जनालाई, वीरता पदक सात जनालाई, विकासरत्न पदक एकजनालाई र प्राकृतिक प्रकोप पीडितोद्धार पदक नौ जनालाई प्रदान गर्नुभएको छ ।


**संविधान दिवस भव्यरुपमा मनाऔं**

- असोज ३ गते संविधान जारी भएको दिन, राष्ट्रिय दिवसका रुपमा मनाऔं,
- असोज २,३ र ४ गते यो दिवस विविध कार्यक्रम आयोजना गरी मनाऔं,
- संघ, प्रदेश एवं स्थानीय सरकारवीच समन्वय गरौः संविधान दिवसको महत्व बढाऔं,
- घरघरमा राष्ट्रिय झण्डा फहराऔं, साँझ दीपावली गरौं ।

*"कोभिड-१९ संक्रमणको बेला नेपाल सरकारले जारी गरेको मापदण्ड पालना गर्न नबिर्सौं"*

नेपाल सरकार
विज्ञापन बोर्ड




नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*